# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, चैत ७ गते २०३४ साल [ संख्या ४८


श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा १ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ३ बाहेक अरू सम्पूर्ण दफाहरू लागू गर्न बाँकी रहेको देहायका इलाकाहरूमा आजैका मिति देखि लागू हुने गरी तोकेको छः-

१. कोशी अञ्चलका भोजपुर, धनकुटा, तेह्रथुम र संखुवासभा जिल्लाहरू ।

२. सगरमाथा अञ्चलका सिराहा, उदयपुर, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाहरू ।

३. जनकपुर अञ्चलका सर्लाही, महोत्तरी, सिन्धुली, रामेछाप र दोलखा जिल्लाहरू ।

४. नारायणी अञ्चलको चितवन जिल्ला ।

५. गण्डकी अञ्चलका सबै जिल्लाहरू ।

६. धवलागिरि अञ्चलका सबै जिल्लाहरू ।

७. राप्ती अञ्चलका सबै जिल्लाहरू ।

८. कर्णाली अञ्चलका सबै जिल्लाहरू ।

९. सेती अञ्चलका सबै जिल्लाहरू ।

१०. महाकाली अञ्चलका सबै जिल्लाहरू ।

आज्ञाले-
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


C56